स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



अभिनेता निखिल उप्रेतीको फिल्म "आचार्य"को टिजर सार्वजनिक भएको छ। मंगलबार ओएसआर डिजिटलको युट्युबमार्फत निखिलको निर्देशन तथा शीर्ष अभिनय रहेको फिल्मको टिजर सार्वजनिक भएको हो। उनी करिब ११ वर्षपछि निर्देशनमा र ७ वर्षपछि अभिनयमा फर्किएका हुन्। सन् २०१५ मा "भैरव" निर्देशन गरेपछि निखिलले अर्को फिल्म निर्देशन गरेका थिएनन्। "आचार्य"बाट उनी दोस्रो पटक निर्देशनको जिम्मेवारीमा फर्किएका हुन्।

आजको विचार...



समाजमा... (दुई पेजमा)

भुपेन्द्र थापा 'माधव'



अभिनेता पल शाहको मुख्य भूमिका रहेको फिल्म "यानीमाया"को छायांकन पूरा नहुँदै आक्रामक रूपमा विदेश प्रदर्शन अधिकार बिक्री हुन थालेको छ। छायांकन सुरु भएयता ६ देशमा फिल्म बिक्री भइसकेको छ। निर्माता चन्द्र ज्योति आलेका अनुसार हङकङ, जापान, कोरिया, मलेसिया, कतार र थाइल्याण्डमा फिल्मको प्रदर्शन अधिकार बिक्री गरिएको हो। फिल्मको छायांकन समेत नसकिँदै विदेश प्रदर्शन अधिकार बिक्री हुनुमा पल शाहका पछिल्ला फिल्मको व्यापारिक नतिजालाई मुख्य कारण मानिएको छ।

❑ वर्ष ३२ ❑ अंक ४२ ❑ २०८३ भदौ ११ गते बिहीबार 27 August 2026, Thursday ❑ पृष्ठ संख्या ४ मूल्य रू ५/-

## संक्षिप्त समाचार

### आगलागीमा १५ नवजात शिशुको मृत्यु

**इस्लामवाद,** भदौ १०/पाकिस्तानको राजधानी इस्लामाबादस्थित पाकिस्तान इन्स्टिच्युट अफ मेडिकल साइन्सेस ( पीआईएमएस) अस्पतालको नवजात शिशु राखिएको वार्डमा आगलागी हुँदा कम्तीमा १५ शिशुको मृत्यु भएको छ । स्थानीय सञ्चारमाध्यम जियो न्युजका अनुसार घटना बुधबार अस्पतालको नर्सरीमा भएको हो ।

आगलागी हुँदा उक्त वार्डमा १६ जना नवजात शिशु रहेका थिए । तीमध्ये एक जनालाई मात्र सकुशल उद्धार गरिएको अस्पतालका अधिकारीहरूले बताएका छन् । अधिकारीहरूका अनुसार नर्सरीभित्र रहेको एयर कन्डिसनरको कम्प्रेसर विस्फोट भएपछि आगलागी सुरु भएको प्रारम्भिक जानकारी छ । आगलागीपछि तत्काल दमकल परिचालन गरिएको थियो । दमकलकर्मीले आगो नियन्त्रणमा लिए पनि घटनास्थलमा तातोपन कम गर्ने तथा थप जोखिम रोक्ने काम जारी राखिएको जनाइएको छ । घटनाबारे थप अनुसन्धान भइरहेको बताइएको छ ।*-एजेन्सी*

# रसुवामा बाढीको वितण्डा

***बाढीले  मानविय क्षतिसँगै घर, पसल, सरकारी कार्यालय, प्रहरी चौकी, भन्सार यार्ड, पुल तथा सडक संरचनामा क्षति पुर्‍याएको छ भने ठूलो संख्यामा मानिस सम्पर्कविहीन भएका छन् ।***

**हाम्रा संवाददाता**

**काठमाडौं,** भदौ १०/ बुधबार बिहान रसुवाको भोटेकोसी नदीमा आएको भीषण बाढीले टिमुरे बजारदेखि रसुवागढी नाकासम्म ठूलो विनाश मच्चाएको छ । बाढीले मानविय क्षतिसँगै घर, पसल, सरकारी कार्यालय, प्रहरी चौकी, भन्सार यार्ड, पुल तथा सडक संरचनामा क्षति पुर्‍याएको छ भने ठूलो संख्यामा मानिस सम्पर्कविहीन भएका छन् ।

बाढीको प्रभाव नुवाकोट, धादिङ हुँदै त्रिशूली नदी आसपासका क्षेत्रमा समेत फैलिएको छ । बाढीका कारण यो समाचार तयार पार्दासम्म मृत्यु हुनेको संख्या ७२ जना पुगेको छ । अहिलेसम्म ७२ जनाको शव भेटिएको प्रहरी प्रवक्ता (डीआईजी) अबि नारायण काफ्लेले बताए । रसुवा, नुवाकोट, धादिङ र चितवनस्थित नदी तटिय क्षेत्रमा शव भेटिएको हो । भेटिएका शवहरूको पहिचान खुलाउने प्रयास भइरहेको डीआईजी काफ्लेले



जानकारी दिए । बाढीमा परेका २८ जना प्रहरी कर्मचारी सम्पर्कमा छैनन् । बुधबार बिहान ९ बजेतिर चीनको तिब्बत तर्फबाट आएको ल्हेन्दे खोलाको बाढी रसुवाको भोटेकोशीमा मिसिएर ठुलो क्षति पुगेको हो । बाढीका कारण रसुवाको टिमुरे र मैलुङमा कार्यरत सशस्त्र प्रहरी कर्मचारीहरू पनि सम्पर्कविहीन भएका छन् । बाढीका कारण प्रभावित भएकाहरुलाई सुरक्षाकर्मीहरुले उद्धार गरिरहेका छन् । अहिलेसम्म ८८ जनालाई रसुवाबाट उद्धार गरिएको नेपाली सेनाले जनाएको छ । ६ वटा हेलिकप्टरबाट बाढी प्रभावितहरूको उद्धार गरेको सैनिक जनसम्पर्क तथा सुचना निर्देशनालयले जनाएको छ प्रहरीले बाढीको जोखिममा रहेका विभिन्न जिल्लाका विभिन्न घर परिवारलाई सुरक्षित स्थानमा राख्ने, विभिन्न निकाय र स्थानीयवासीको समन्वय र सहयोगमा आवश्यक उद्धार एवम् खोजी गर्नुका साथै विभिन्न स्थानमा भएको बाटो अवरोध हटाउने कार्य समेत गरिरहेको छ ।

**६ जिल्ला संकटग्रस्त घोषणा**

घटनाप्रति नेपाल सरकारले गहिरो दुःख व्यक्त गर्दै मन्त्रिपरिषद्को आकस्मिक बैठकबाट विपद्बाट बढी प्रभावित ६ जिल्लाहरू रसुवा, नुवाकोट, धादिङ, चितवन, गोरखा र तनहुँलाई तीन महिनाका लागि विपद् संकटग्रस्त क्षेत्र घोषणा गरेको छ । यस्तै सरकारले विभिन्न राहत र उद्धारका निर्णयहरू पनि गरेको छ । सरकारका प्रवक्ता एवं शिक्षामन्त्री सस्मित पोखरेलले बाढीबाट ज्यान गुमाउनेका परिवारप्रति समवेदना प्रकट गर्दै घाइतेहरूको शीघ्र स्वास्थ्य लाभको कामना गरे ।सरकारले बाढीमा परी घाइते भएकाहरूको तत्काल निःशुल्क उपचारको व्यवस्था गर्ने निर्णय गरेको छ । यसका लागि स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, नेपाली सेना र सरकारी अस्पतालहरूलाई समन्वय गर्न निर्देशन दिइएको छ ।

**नारायणी तटीय क्षेत्रमा उच्च सतर्कता अपनाउन अपिल**

रसुवामा आएको अचानकको बाढीका कारण नारायणी नदीमा पानीको बहाव बढ्न सक्ने भन्दै लुम्बिनी प्रदेशका मुख्यमन्त्री चेतनारायण आचार्यले नवलपरासी पश्चिमको सुस्तासहित नारायणी नदी तटीय क्षेत्रमा उच्च सतर्कता अपनाउन अपिल गरेका छन् । बाढीका कारण नारायणी नदीमा पानीको बहाव बढ्न सक्ने र त्यसबाट सुस्ता क्षेत्रसमेत प्रभावित हुन सक्ने जोखिमलाई मध्यनजर गर्दै मुख्यमन्त्री आचार्यले सम्बन्धित निकायलाई आवश्यक तयारीसहित उच्च सतर्कता अपनाउन आग्रह गरेका हुन् । मुख्यमन्त्री आचार्यले प्रदेशका तीनवटै सुरक्षा निकाय तथा सम्बन्धित प्रमुख जिल्ला अधिकारीहरूसँग नियमित सम्पर्कमा रही बाढीको अवस्थाबारे जानकारी लिइरहेका छन् ।

*-बाँकी अन्तिम पेजमा...*

# घरेलु मदिरा नष्ट



**स्याङ्जा,** भदौ १०/ जिल्ला फेदीखोला गाउँपालिका-२, आगेकुना क्षेत्रमा ठूलो परिमाणमा घरेलु मदिरा तथा मदिरा बनाउन प्रयोग हुने कच्चा पदार्थ नस्ट गरिएको छ ।

जिल्ला प्रहरी कार्यालय स्याङ्जाको मातहतमा रहेको प्रहरी चौकी फेदीखोलाबाट खटिएको प्रहरी टोलीले आगेकुना क्षेत्रमा चेकजाँचका क्रममा ठूलो परिमाणमा घरेलु मदिरा तथा मदिरा बनाउन प्रयोग हुने कच्चा पदार्थ बरामद गरी नस्ट गरेको हो । प्रहरी सहायक निरीक्षक (असई) आशिष थापाको कमाण्डमा खटिएको प्रहरी टोलीले नियमित चेकजाँच तथा निगरानीका क्रममा उक्त क्षेत्रमा चेकजाँच गरेको थियो । सो क्रममा प्रहरीले अन्दाजी ४० लिटर तयारी घरेलु मदिरा बरामद गरेको हो । त्यसैगरी, घरेलु मदिरा उत्पादनमा प्रयोग हुने ३० लिटर कच्चा पदार्थ समेत फेला परेको प्रहरीले जनाएको छ । तयारी मदिरा र मदिरा बनाउन प्रयोग हुने कच्चा पदार्थ गरी प्रहरीले जम्मा ७० लिटर बरामद गरेको हो ।

*-बाँकी अन्तिम पेजमा...*

# अवैध लागूऔषध सहित १९ जना पक्राउ

**पाल्पा,** भदौं १०/ देशका विभिन्न स्थानबाट प्रहरीले ठूलो परिमाणमा अवैध तथा नियन्त्रित लागूऔषध बरामद गर्नुका साथै १९ जनालाई पक्राउ गरेको छ ।

प्रहरीले मंगलबार र बुधबार गरेको छुट्टाछुट्टै कारबाहीका क्रममा हेरोइन, ब्राउनसुगर, गाँजा तथा विभिन्न नियन्त्रित औषधि बरामद गरेको हो । केन्द्रीय प्रहरी समाचार कक्षका अनुसार रूपन्देही, दाङ, सिराहा, मकवानपुर, कैलाली, कञ्चनपुर, पर्सा,सुर्खेत, काठमाडौं लगायतका विभिन्न स्थानबाट अवैध लागूऔषध सहित १९ जना पक्राउ परेका हुन् । रूपन्देहीको बुटवल उपमहानगरपालिका-९ नयाँ बसपार्कबाट अवैध लागूऔषध गाँजा जस्तो देखिने पदार्थ करिब १० किलोग्राम सहित धादिङ गजुरी गाउँपालिका-९ कुबिन बस्ने ५० वर्षीय रण बहादुर तामाङलाई प्रहरीले पक्राउ गरेको छ । अस्थायी प्रहरी बिट नयाँ बसपार्कबाट खटिएको प्रहरीले उनलाई उक्त पदार्थ सहित पक्राउ गरेको हो । यस्तै दाङको तुलसीपुर



उपमहानगरपालिका-९ बेलुवाबाट अवैध लागूऔषध ब्राउनसुगर जस्तो देखिने पदार्थ ७ सय ७० मिलिग्राम र नगद ४ हजार ७ सय रूपैयाँ सहित सोही उपमहानगरपालिका-९ बस्ने २४ वर्षीय सन्दिप कठायतलाई दिउँसो प्रहरीले पक्राउ गरेको छ ।

अस्थायी प्रहरी पोष्ट बसपार्कबाट खटिएको प्रहरीले बेलुवाबाट रानीजरूवातर्फ आउँदै गरेको प्रदेश-०२-००२ प ३८८३ नम्बरको मोटरसाइकलमा सवार उनलाई उक्त पदार्थ सहित फेला पारी पक्राउ गरेको हो । यस्तै सिराहाको धनगढीमाई नगरपालिका-९ मुसहर्नियाबाट अवैध लागूऔषध गाँजा जस्तो देखिने पदार्थ करिब ५४ किलोग्राम सहित औरही गाउँपालिका-४ कमलपुर बस्ने २८ वर्षीय बिक्रम यादवलाई बुधबार बिहान प्रहरीले पक्राउ गरेको छ । इलाका प्रहरी कार्यालय धनगढी समेतबाट खटिएको प्रहरीले नैनपुरबाट मुसहर्नियातर्फ आउँदै गरेको प्रदेश २-०१-००४ प ८३६४ नम्बरको मोटरसाइकलमा सवार उनलाई उक्त पदार्थ सहित फेला पारी पक्राउ गरेको हो ।

यस्तै काठमाडौं महानगरपालिका-१४ कलंकीबाट अवैध लागूऔषध खैरो हेरोइन जस्तो देखिने पदार्थ ८ सय ३० मिलिग्राम र नगद १८ हजार ५ सय ३० रूपैयाँ सहित काठमाडौं बाफल बस्ने चितवन भरतपुर महानगरपालिका-१४ घर भएका २८ वर्षीय अञ्जन विकलाई प्रहरीले पक्राउ गरेको छ । प्रहरी वृत्त कालिमाटीबाट खटिएको प्रहरीले उनलाई उक्त पदार्थ सहित पक्राउ गरेको हो । थप अनुसन्धानको क्रममा उनको कोठा तलासी गर्दा खैरो हेरोइन जस्तो देखिने पदार्थ करिब १ ग्राम ४ सय ७० मिलिग्राम, गाँजा जस्तो देखिने पदार्थ ५३ ग्राम ४ सय ७० मिलिग्राम र तराजु १ थान फेला पारी प्रहरीले बरामद गरेको छ ।

*-बाँकी अन्तिम पेजमा...*

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२
जनचेतना

# सम्पादकीय

## बाढीबाट सतर्क रहौँ

बुधबार बिहान भोटेकोशी नदीमा अचानक बाढी आयो । माथिल्लो क्षेत्रमा हावाहुरीसहित ठूलो पानी परेको र त्यसलगत्तै ठूलो बाढी आएको बताइएको छ । बाढीले रसुवाको उत्तरगया गाउँपालिकामा ठूलो जनधनको क्षति भएको छ । भोटेकोशी नदीको तटीय क्षेत्रका करिब दर्जन बस्तीमा क्षति पुगेको छ । स्याप्रुबेसी, बेत्रावती, मैलुङ, सल्लेटार, शान्तिबजार, पैरेबेसी, खाल्तीबस्ती, सोले, त्रिशूली, बट्टारलगायतका बस्ती क्षेत्रमा ठूलो क्षति पुगेको छ । यो विपत्तीमा कति मानवीय क्षति भयो र कति भौतिक संरचनामा क्षति पुग्यो भन्ने अन्तिम विवरण सरकारी निकायबाट सार्वजनिक भइसकेको छैन् । तर सार्वजनिक भएका तस्बिर, भिडियो तथा मिडियाहरुले कुराकानी गरेका स्थानीय जनप्रतिनिधि, स्थानीय बासिन्दा र सुरक्षा निकायबाट प्राप्त प्रारम्भिक विवरणले ठूलो जनधनको क्षति भएको हुन सक्ने देखिन्छ ।

वर्षायाम सुरु भएसँगै रसुवा सहित देशका विभिन्न स्थानमा बाढी, डुबान र पहिरो गएका छन् । हरेक वर्ष बाढीका कारण जनधनको क्षति हुनुका साथै सडक, पुल, विद्युत्, खानेपानी तथा कृषि क्षेत्रमा ठूलो असर पर्ने गरेको छ । प्राकृतिक विपत्तिलाई पूर्ण रूपमा रोक्न नसकिए पनि पूर्वतयारी र सतर्कताका माध्यमबाट यसको क्षति भने कम गर्न सकिन्छ ।बाढीको जोखिम विशेषगरी नदी तथा खोलानाला आसपासका बस्तीमा बढी हुन्छ । लगातारको वर्षा हुँदा नदीको सतह बढ्ने, तटबन्ध कमजोर हुने र अचानक बाढी आउने सम्भावना रहन्छ । त्यसैले जोखिमयुक्त क्षेत्रमा बसोबास गर्ने नागरिकले मौसम तथा बाढीसम्बन्धी सूचनालाई गम्भीरतापूर्वक लिन आवश्यक छ । विपद्को समयमा हल्लाको पछि लाग्नुको सट्टा सम्बन्धित सरकारी निकायबाट जारी आधिकारिक सूचना पालना गर्नुपर्छ । स्थानीय तह र सम्बन्धित निकायको भूमिका पनि उत्तिकै महत्वपूर्ण छ । जोखिमयुक्त क्षेत्रको पहिचान, पूर्वसूचना प्रणालीको प्रभावकारी सञ्चालन, उद्धार सामग्रीको तयारी, सुरक्षित स्थानको व्यवस्था तथा विपद् अभ्यासलाई प्राथमिकता दिनुपर्छ । बाढी आएपछि मात्र उद्धारको तयारी गर्ने प्रवृत्तिभन्दा विपद् आउनुअघि नै आवश्यक तयारी गर्नु बुद्धिमानी हुन्छ । नागरिकस्तरमा पनि केही सामान्य सावधानी अपनाउन सकिन्छ । नदी तथा खोलाको किनारमा अनावश्यक रूपमा नजाने, बाढी आएको सडक वा पुल पार गर्ने प्रयास नगर्ने, विद्युत् प्रवाह भएको स्थानबाट टाढा रहने र बालबालिका तथा ज्येष्ठ नागरिकको सुरक्षामा विशेष ध्यान दिने गर्नुपर्छ । आपत्कालीन अवस्थामा आवश्यक पर्ने औषधि, खानेपानी, खाद्यान्न, टर्चलगायत सामग्री सुरक्षित राख्नु पनि उपयोगी हुन्छ । बाढी प्राकृतिक विपत्ति भए पनि त्यसबाट हुने क्षति धेरै हदसम्म हाम्रो तयारी र व्यवहारमा निर्भर गर्दछ । त्यसैले सरकार, स्थानीय तह, सुरक्षा निकाय र नागरिक सबैले हातेमालो गर्दै विपद् पूर्वतयारीलाई प्रभावकारी बनाउनुपर्छ । सतर्कता, पूर्वतयारी र सहकार्य नै बाढीबाट हुने क्षति न्यूनीकरण गर्ने सबैभन्दा प्रभावकारी उपाय हुन् । त्यसैले बाढीबाट आफैँ पनि सतर्क रहौँ र अरूलाई पनि सचेत गराऔँ ।

## Opinion @ Social Network

जिन्दगीले एउटा कुरा राम्ररी सिकायो,
आफ्नो भन्नेहरू पनि समयसँगै बदलिँदा रहेछन्।
*(सलिना बस्नेतको फेसबुक स्टाटसबाट www.facebook.com/Salina.Basnet)*

**यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।**

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# समाजमा उम्रिएको लुट, सत्ताको नांगो रूप



भुपेन्द्र थापा 'माधव'

लुटको मुहान सधैं सत्ताको गल्लीमा हुँदैन । त्यसको एउटा महत्त्वपूर्ण मुहान समाजमै हुन्छ । जब नागरिकको मानसिकतामा अवसर छोपेर अस्वाभाविक लाभ लिने, दलाली र बिचौलियाबाट कमाउने, नियमलाई आफ्नो सुविधाअनुसार व्याख्या गर्ने र 'आफूलाई फाइदा भए पुग्छ' भन्ने प्रवृत्ति विकसित हुन्छ, त्यही सामाजिक चरित्र बिस्तारै बजार, राजनीति र राज्यको चरित्रमा प्रतिबिम्बित हुनथाल्छ । आज नेपालले भोगिरहेको संकट यही सामाजिक-राजनीतिक सम्बन्धको परिणाम हो । नेपालको राजनीतिक इतिहास परिवर्तनको इतिहास हो । व्यवस्था बदलिए, संविधान बदलिए, सरकार फेरिए, नेतृत्व फेरिए । जनताले संघर्ष गरे, अधिकारका लागि आवाज उठाए र राज्यको चरित्र बदल्ने सपना देखे तर आज पनि एउटा प्रश्न उस्तै छ, राज्य बदलियो तर राज्य चलाउने संस्कार किन बदलिन सकेन ? नागरिकले खोजेको परिवर्तन सिंहदरबारमा अनुहार फेरिनुमात्र थिएन । उसले सार्वजनिक पदलाई निजी कमाइको माध्यम बनाउने संस्कार अन्त्य भएको हेर्न चाहेको थियो । प्रशासनमा पहुँचभन्दा योग्यता, राजनीतिमा पैसाभन्दा विचार र विकासमा कमिसनभन्दा परिणाम हावी भएको हेर्न चाहेको थियो तर महँगी, बजारको मनोमानी, कमजोर सेवा र राजनीतिक जवाफदेहिताका प्रश्न आज पनि उत्तिकै प्रासंगिक छन् । यी प्रश्नको उत्तर खोज्दा हामी सरकार, राजनीतिक दल, कर्मचारीतन्त्र वा व्यापारीतर्फ औंला ठड्याउँछौं तर कहिलेकाहिँ आफैंतिर फर्केर हेर्न पनि आवश्यक छ ।

**लुटको बिउ कहाँ रोपिन्छ ?**

उत्तर असहज छ, यसको एउटा महत्त्वपूर्ण हिस्सा समाजमै रोपिन्छ । सानो लुटलाई सामान्य मान्ने समाज हामी करोडौंको भ्रष्टाचारलाई लुट भन्छौं । सार्वजनिक सम्पत्तिको हिनामिनालाई अपराध भन्छौं तर दैनिक जीवनमा हुने साना-साना अनुचित नाफालाई के भन्छौं ? व्यापारमा नाफा कमाउनु स्वाभाविक हो । व्यापारीले लगानी, जोखिम, श्रम, ढुवानी र सञ्चालन खर्च अनुसार उचित नाफा कमाउन पाउँछ । समस्या नाफामा होइन, नाफाको नैतिक सीमा नाघ्ने प्रवृत्तिमा हो । यस्ता प्रवृत्ति धेरै क्षेत्रमा देखिन्छन्, माग बढ्दा मूल्य मनपरी बढाउने, अभाव सिर्जना गरेर वस्तु लुकाउने, मूल्यसूची नराख्ने, उपभोक्ताको अज्ञानताको फाइदा उठाउने आदि । हामी यस्ता व्यवहारलाई 'व्यापारको चलन' भनेर टारिदिन्छौं । यहींबाट समस्या सुरु हुन्छ । ठूलो लुटको विरोध गर्ने समाजले सानो लुटलाई सामान्य मान्न थालेपछि लुट संस्कारमा परिणत हुन्छ ।

**नाफा होइन, नियतको प्रश्न**

स्वस्थ बजारमा नाफा आवश्यक छ तर बजारको स्वतन्त्रताको अर्थ उपभोक्तालाई मनपरी मूल्य असुल्ने स्वतन्त्रता होइन । उचित नाफा व्यवसाय हो । अवसरको दुरुपयोग गरेर अस्वाभाविक नाफा कमाउनु लुट हो । यहाँ व्यापारीमात्र दोषी छैनन् । उपभोक्ताको भूमिकालाई पनि हेर्नुपर्छ । हामी आफ्नो काम छिटो होस् भनेर अतिरिक्त रकम तिर्न तयार हुन्छौं । चिनजान र पहुँचबाट काम मिलाउनुलाई सहज उपाय मान्छौं । नियमभन्दा सम्बन्धलाई प्राथमिकता दिन्छौं । यसरी दलाली र बिचौलियाको मानसिकता बजारबाट नागरिकको दैनिक व्यवहारसम्म विस्तार हुन्छ । दलाली त्यसैले केवल एउटा पेशा होइन, मानसिकता पनि हो । उत्पादन, श्रम र सीपबाट कमाउनुभन्दा सम्बन्ध मिलाएर लाभ लिनु, प्रतिस्पर्धाभन्दा पहुँच खोज्नु, उद्यमभन्दा ठेक्कामा अवसर खोज्नु-यी सबै त्यही मानसिकताका रूप हुन् । जब यस्तो सोच समाजमा व्यापक हुन्छ, उत्पादक समाज बिस्तारै बिचौलिया समाजमा बदलिन्छ । श्रमभन्दा पहुँच, सीपभन्दा सम्बन्ध र उत्पादनभन्दा कारोबार महत्त्वपूर्ण बन्न थाल्छ ।

**समाजको नियत र राज्यको चरित्र**

राज्य समाजभन्दा अलग कुनै निर्जीव संरचना होइन । राजनीतिक नेतृत्व समाजबाटै आउँछ । कर्मचारी, व्यवसायी र मतदाता पनि यही समाजका सदस्य हुन् । त्यसैले समाजमा स्थापित मूल्य र व्यवहारको छायाँ राजनीति र राज्यमा पर्नु स्वाभाविक हो । समाजले चुनावमा पैसालाई स्वीकार गर्छ भने राजनीतिक दलले पैसा प्रयोग गर्न सिक्छन् । समाजले आफ्नो मान्छेको गलत कामलाई पनि बचाउँछ भने नेतृत्वले संरक्षणको राजनीति सिक्छ । अस्वाभाविक सम्पत्तिलाई प्रतिष्ठा मानिन्छ भने राजनीतिमा सम्पत्ति जोड्नु सफलताको मापदण्ड बन्न थाल्छ । नियम मिचेर आफ्नो काम निकाल्नुलाई 'चतुर्‍याइँ' मानिन्छ भने सत्ताले पनि नियमलाई सुविधाअनुसार प्रयोग गर्न सिक्छ । यस अर्थमा राज्य समाजको ऐनामात्र होइन, समाजमा विकसित प्रवृत्तिको संस्थागत रूप पनि हो । आज नेपालको विडम्बना यही हो, सामाजिक नियत, राजनीतिक नेतृत्वको सोच र व्यवहार तथा राज्यको चरित्रबीच अस्वस्थ सामञ्जस्य देखिन थालेको छ । समाजमा जे सैह्रय हुन्छ, राजनीति त्यसलाई अवसर बनाउँछ । राजनीतिले जे संस्थागत गर्छ, राज्यले त्यसलाई संरचनामा बदल्छ ।

**नेतृत्वको परीक्षा**

यसको अर्थ राजनीतिक नेतृत्वलाई समाजको नाममा दोषमुक्त गर्न खोजिएको होइन । नेतृत्वको जिम्मेवारी झन् ठूलो छ । समाजमा कमजोरी छ भन्दैमा नेतृत्वले त्यसलाई पछ्याउने अधिकार पाउँदैन । राजनीतिले समाजको कमजोर प्रवृत्तिलाई सुधारको दिशामा लैजानुपर्छ । राजनीति समाजको दर्पणमात्र होइन, समाज निर्माण गर्ने शक्ति पनि हो । नयाँ राजनीतिक शक्तिको उदय पुरानो संस्कारप्रतिको असन्तुष्टिबाट हुन्छ । नयाँ पुस्ताले पारदर्शिता र जवाफदेहिता खोज्छ तर नयाँ शक्ति सत्तामा पुगेपछि वास्तविक परीक्षा सुरु हुन्छ । पुरानो सत्ताको आलोचना गर्न सजिलो हुन्छ । आफू सत्तामा पुगेपछि पुरानो सत्ताको शैली नदोहोर्‍याउनु कठिन हुन्छ । नयाँ अनुहार आएर पुरानै नियुक्ति संस्कृति, पहुँच, अपारदर्शिता र संरक्षणको राजनीति दोहोरियो भने त्यो परिवर्तन होइन, पुरानो संस्कारको नयाँ संस्करण हो । राजनीतिक परिवर्तनको मापन अनुहारले होइन, निर्णय गर्ने शैलीले हुनुपर्छ ।

**बजार, राज्य र निगरानीको प्रश्न**

बजारलाई स्वतन्त्र छाड्नु र अनियन्त्रित छाड्नु एउटै कुरा होइन । स्वस्थ बजारमा प्रतिस्पर्धा, मूल्य पारदर्शिता, उपभोक्ता अधिकार र प्रभावकारी नियमन आवश्यक हुन्छ । मूल्यसूची छ कि छैन ? उपभोक्तासँग अतिरिक्त रकम असुलिएको छ कि छैन ? कृत्रिम अभाव सिर्जना भएको छ कि छैन ? बिचौलियाको तहले उत्पादक र उपभोक्ताबीच अस्वाभाविक दूरी बनाएको छ कि छैन ? यी प्रश्नमा नियमित अनुगमन हुनुपर्छ तर धेरैजसो अवस्थामा अनुगमन घटना भएपछि हुन्छ । गुनासो आएपछि प्रतिक्रिया आउँछ । केही दिन कारबाहीको चर्चा हुन्छ र बजार फेरि पुरानै ढर्रामा फर्किन्छ । निगरानी नियमित नभएपछि नियम कागजमा सीमित हुन्छ । राज्यको जिम्मेवारी कानुन बनाउनुमात्र होइन, नागरिकले त्यसको प्रभाव दैनिक जीवनमा अनुभूति गर्ने गरी कार्यान्वयन गर्नु हो ।

**सामाजिक अगुवा कहाँ छन् ?**

राजनीतिक नेतृत्वमात्र होइन, समाजका अगुवाहरू पनि प्रश्नको घेरामा छन् । शिक्षक, बुद्धिजीवी, लेखक, सामाजिक अभियन्ता, नागरिक समाज, पेशागत संगठन र सामुदायिक नेतृत्व समाजको मूल्य निर्माण गर्ने शक्ति हुन् तर गलत प्रवृत्ति सामान्य बन्दै जाँदा उनीहरूको भूमिका प्रभावकारी देखिँदैन । सामाजिक सञ्जालमा केही दिन आक्रोश पोखिनु पर्याप्त छैन । समाज परिवर्तनका लागि निरन्तर निगरानी, सार्वजनिक बहस र गलत व्यवहारलाई सामाजिक रूपमा अस्वीकार गर्ने संस्कार चाहिन्छ । आक्रोश क्षणिक हुनसक्छ, सामाजिक चेतना निरन्तर हुनुपर्छ । यदि सामाजिक अगुवा पनि सुविधा, सम्बन्ध र स्वार्थअनुसार मात्र बोल्छन् भने उनीहरूले समाजलाई सही दिशा दिन सक्दैनन् ।

**लुटको चक्र र युवाको निराशा**

आजको अवस्था एउटा चक्रजस्तै बनेको छ, समाजमा अवसरवादी सोच बढ्छ, बजारमा अनुचित नाफा जन्माउँछ, बजारको शक्ति राजनीतिसँग जोडिन्छ, राजनीतिक पहुँचले आर्थिक स्वार्थ संरक्षण गर्छ, आर्थिक स्वार्थले नीतिगत निर्णय प्रभावित गर्छ र कमजोर संस्थाले दण्डहीनता जन्माउँछ । दण्डहीनताले फेरि समाजमा गलत व्यवहारलाई सामान्य बनाउँछ । यही चक्र नतोडेसम्म लुटको खेती रोकिने छैन । यसको असर युवाको मनोविज्ञानमा पनि परेको छ । जब युवाले मिहिनेतभन्दा पहुँच बलियो, योग्यताभन्दा सम्बन्ध प्रभावशाली र उत्पादनभन्दा बिचौलियाबाट कमाउन सजिलो देख्छ, तब राज्यप्रतिको विश्वास कमजोर हुन्छ । रोजगारी र अवसरको खोजीमा विदेशिनु त्यसैको एउटा परिणाम हो । रेमिट्यान्सले अर्थतन्त्रलाई सहारा दिएको छ तर युवाको श्रम विदेशमा बेचेर आएको रकम दीर्घकालीन विकासको विकल्प होइन । युवालाई देशमा रोक्न रोजगारीमात्र होइन, न्यायपूर्ण अवसर चाहिन्छ ।

**दण्डहीनता : लुटको मल**

लुटको खेतीलाई सबैभन्दा बढी मलजल गर्ने तत्व दण्डहीनता हो । गलत काम गरेपछि कारबाही हुँदैन भन्ने विश्वास पैदा भयो भने कानुनको डर समाप्त हुन्छ । अझ कारबाही राजनीतिक आस्था अनुसार फरक देखियो भने राज्यप्रतिको विश्वास झन् कमजोर हुन्छ । सत्तापक्षको भ्रष्टाचारमा मौन र विपक्षको भ्रष्टाचारमा आक्रोश-यो सुशासन होइन । आफ्नो पक्षको गलत काममा बचाउ र अर्को पक्षको त्यही काममा विरोध-यो लोकतान्त्रिक नैतिकता होइन । कानुनको तराजुमा राजनीतिक रंग देखिन थालेपछि भ्रष्टाचार नियन्त्रणको अभियान नै अविश्वसनीय हुन्छ । नागरिकले पनि ऐनामा हेर्नुपर्छ ।

**अब प्रश्न नागरिकतर्फ फर्किन्छ**

भ्रष्टाचारको विरोध गर्ने नागरिकले घुस दिन अस्वीकार गर्छ कि गर्दैन ? अनुचित मूल्य असुल्ने व्यापारीलाई प्रश्न गर्छ कि गर्दैन ? आफ्नो काम निकाल्न बिचौलिया खोज्छ कि खोज्दैन ? आफ्नो दलको नेताले गलत गर्दा पनि गलत भन्नसक्छ कि सक्दैन ? यिनै साना व्यवहारले ठूलो राजनीतिक संस्कार निर्माण गर्छन् । आफ्नो मान्छेको गलत कामलाई पनि गलत भन्नसक्ने समाजमात्र सुशासनको योग्य समाज हो । लोकतन्त्रको वास्तविक परीक्षा चुनावको दिनमात्र हुँदैन । आफ्नै पक्षको व्यक्ति गलत हुँदा हामी सत्यको पक्षमा उभिन्छौं कि स्वार्थको पक्षमा-त्यहीँ लोकतान्त्रिक चरित्रको परीक्षा हुन्छ ।

**लुटलाई जन्म दिने सामाजिक वातावरण कसले बनाइरहेको छ ?**

यसको उत्तर खोज्न सिंहदरबारतिर मात्र हेरेर पुग्दैन । बजारतिर, राजनीतिक दलतिर, राज्यका निकायतिर र अन्ततः आफ्नै समाजतिर फर्केर हेर्नुपर्छ । किनकि–समाजमा उम्रिएको लुट अन्ततः सत्ताको नांगो रूप बनेर हामीसामु उभिन्छ । त्यसलाई बदल्ने हो भने सत्ताको अनुहारमात्र होइन, समाजको नियत पनि बदल्नुपर्छ । यहींबाट वास्तविक राजनीतिक परिवर्तन सुरु हुनेछ ।*-इहिमालयन डटकम*

## महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५

**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४४५०
बुटवल हस्पितल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४

**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०८९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल १९५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लव तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

## दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : मेहनतको कामबाट राम्रो परिणाम हात पर्नेछ। आर्थिक आम्दानी बढ्नेछ। | **तुला**: व्यापारिक संयोगको योग रहेको छ। सहकार्यबाट काम पूरा हुने देखिन्छ। |
| **वृष** : कामको प्रतिफल एकैसाथ मिल्नेछ। आम्दानी बढाउने नयाँ सोच आउन सक्छ। | **वृश्चिक** : कठिन काम सम्हाल्ने आत्मबल बढ्नेछ। प्रयासबाट आर्थिक लाभ हुनेछ। |
| **मिथुन** : ज्ञान बढाउने मौका मिल्नेछ। काममा देखाएको लगनको प्रशंसा हुनेछ। | **धनु** : सीप सिक्ने विषयमा उत्साह बढ्नेछ। भविष्यका योजना बनाउने अवसर मिल्नेछ। |
| **कर्कट** : आर्थिक अबस्थामा सुधार देखिनेछ। योजना अघि बढाउन समय मिल्नेछ। | **मकर** : कामप्रतिको लगाव बढ्नेछ। जिम्मेवारीले भविष्यमा राम्रो बाटो खोल्नेछ। |
| **सिंह** : जिम्मेवारी निभाउदा फाइदा हुनेछ। रिसमा बोलिको संयमता नगुमाउनुहोला। | **कुम्भ**: योजना मिलाउन मन लाग्नेछ। सावधानी अपनाएर खर्च गर्दा राम्रो हुनेछ। |
| **कन्या** : काम सहजै पूरा हुनेछन्। कागजी वा प्रशासनिक काममा राम्रो प्रगति हुनेछ। | **मीन** : आर्थिक लाभसँगै चिनजान पनि बढ्नेछ। समयमै आराम गर्नु राम्रो हुनेछ। |

## बाल बाटिका

कथा ● डा. अनुपम पोखरेल

# जिमको बुढेसकाल

अगस्ट २०२६ को दिन । मेलबर्नमा सिमसिम पानी परिरहेको थियो । स्वास्थ जाँच गर्न क्लिनिकमा बसिरहेका ७२ वर्षका जिम आफ्नो बढ्दो उमेर र चिसो मौसमलाई बेवास्ता गर्दै बसिरहेका थिए । मेरा प्यासेन्ट भएका कारण उनलाइ चिन्दछु । उनी अग्ला र चौडा काँध भएका मानिस थिए, जसको ठूलो आवाजले पूरै कोठा भरिन्थ्यो । उनी पूर्व बैंकर थिए । १० वर्ष अघि रिटायर भए यता मसँग चिनजान भएको थियो । उनीसँग अचाक्ली धेरै पैसा त थिएन, तर राम्रो र स्वतन्त्र जीवन बिताउन पुग्ने सम्पत्ति थियो । अहिले उनलाई महसुस हुँदैछ कि पैसाले उमेर र समयलाई रोक्न सक्दैन । "म भर्खरै बाहिर गएर आएँ," बिरामी बस्ने कुर्सीमा बस्दै जिमले भने । मैले मुस्कुराएर उनको कुरा सुने जस्तो गरें । "दुई हप्ता हङकङ बसें, निकै रमाइलो भयो ।" उनले फुर्ती लगाए झैं भने । उनले चीनको ग्वाङ्झाउमा ३ सय किलोमिटर प्रति घण्टाको गतिमा कुद्ने ट्रेनको कुरा उत्साहका साथ सुनाए । मेरो व्यस्तताका बीचमा पनि आफ्नो कुरा सुनाउने जाँगर देखेर लाग्यो, कुरा सुनाउने मबाहेक अरू कोही छैनन् । उनका लागि यो यात्रा घुमघाम मात्र थिएन, आफ्नो अपार्टमेन्टको एक्लोपनबाट भाग्ने बाटो थियो । एक वर्ष अघि मात्र उनको मुटुको बाइपास सर्जरी भएको थियो । यस्तोमा विदेश घुम्न सक्नु उनको लागि ठूलो जित थियो । तर उमेरले आफ्नो असर देखाइहाल्छ । हङकङको एयरपोर्टमा चिप्लिएर उनी नराम्ररी लडे । उनको कम्मरदेखि घुँडासम्म कालो नीलडाम बस्यो । यो घटना र दुई दिन अघि मात्र उनकी दाजुलाई भएको स्ट्रोकले उनलाई आफ्नो कमजोर शरीरको याद दिलायो । तर जिम आफ्नो कमजोरी लुकाउन चाहन्थे । विभिन्न कसरत गर्न थालेका थिए । जिमखानामा गएर १ सय २० किलोको तौल उचालेको गर्वका साथ सुनाउन पनि भ्याए । दिनभर जसरी मन सम्हाले पनि घर फर्किंदा अपार्टमेन्टको एक्लोपनले उनलाई धेरै सताउँथ्यो । डिभोर्स भएको ३० वर्ष भइसक्यो । ३५-४० वर्ष पुगिसकेका छोराछोरीहरू आफ्नै जीवनमा धेरै व्यस्त छन् । उनीहरू बेलाबेलामा "बुवा, तपाईंलाई कस्तो छ ?" भनेर त सोध्छन्, तर जिमलाई त्यो एउटा औपचारिकता मात्र हो भन्ने उनलाइ लाग्छ । छोराछोरीहरू आफ्नो वैवाहिक जीवनमा खुसी छन्, र उनीहरूको घरबार राम्रो चलेको देखेर जिमलाई पनि धेरै खुसी लाग्छ । उनीहरू आफ्नै काम र परिवारमा यति व्यस्त छन् कि जिम उनीहरूलाई डिस्टर्ब गर्न चाहँदैनन् । छोराछोरीहरू आफ्नी आमासँग नजिक छन्, जसले धेरै अघि अर्को बिहे गरिसकिन् । जिमको लागि अमेरिकामा बस्ने दिदी मात्र एउटा साहारा हुन्, जससँग उनी बेलाबेला कुरा गर्छन् । अरूको खुसीमा रमाए पनि, जब उनी आफ्नो बारेमा सोच्छन्, उनलाई आफू नितान्त एक्लो भएको महसुस हुन्छ । जिमलाई लाग्छ, जमाना कति फेरियो । पहिले-पहिले मानिसहरू काम गर्ने ठाउँमा (अफिसमा) भेट्थे, सँगै काम गर्दा मित्रता बढ्थ्यो र पछि त्यो प्रेम सम्बन्धमा परिणत हुन्थ्यो । त्यतिबेला मानिसहरू सामाजिक रूपमा पनि धेरै जोडिन्थे, साथीका साथीहरूमार्फत नयाँ मान्छेसँग चिनजान हुन्थ्यो । तर अहिले उनको



*हङकङको एयरपोर्टमा चिप्लिएर उनी नराम्ररी लडे । उनको कम्मरदेखि घुँडासम्म कालो नीलडाम बस्यो । यो घटना र दुई दिन अघि मात्र उनकी दाजुलाई भएको स्ट्रोकले उनलाई आफ्नो कमजोर शरीरको याद दिलायो । तर जिम आफ्नो कमजोरी लुकाउन चाहन्थे । विभिन्न कसरत गर्न थालेका थिए । जिमखानामा गएर १ सय २० किलोको तौल उचालेको गर्वका साथ सुनाउन पनि भ्याए । दिनभर जसरी मन सम्हाले पनि घर फर्किंदा अपार्टमेन्टको एक्लोपनले उनलाई धेरै सताउँथ्यो । डिभोर्स भएको ३० वर्ष भइसक्यो । ३५-४० वर्ष पुगिसकेका छोराछोरीहरू आफ्नै जीवनमा धेरै व्यस्त छन् । उनीहरू बेलाबेलामा "बुवा, तपाईंलाई कस्तो छ ?" भनेर त सोध्छन्, तर जिमलाई त्यो एउटा औपचारिकता मात्र हो भन्ने उनलाइ लाग्छ । छोराछोरीहरू आफ्नो वैवाहिक जीवनमा खुसी छन्, र उनीहरूको घरबार राम्रो चलेको देखेर जिमलाई पनि धेरै खुसी लाग्छ । उनीहरू आफ्नै काम र परिवारमा यति व्यस्त छन् कि जिम उनीहरूलाई डिस्टर्ब गर्न चाहँदैनन् ।*

उमेरका मानिसको लागि यसरी नयाँ साथी बनाउनु वा कसैसँग जोडिनु निकै गाह्रो छ । यो उमेरको मात्र कुरा होइन, समयको पनि कुरा हो आजभोलिको जिन्दगी निकै हतारको र छिटो छ, जसको गतिसँग उनी तालमेल मिलाउन सकिरहेका छैनन् । कामबाट रिटायर भइसकेको एउटा मानिसको लागि जीवनसाथी खोज्ने अब एउटै मात्र बाटो अनलाइन बनेको छ । जिमले भने, "५० वर्ष नाघेका कति धेरै महिला र पुरुषहरू एक्लै छन्, तर पनि उनीहरू एकअर्कासँग जोडिन सकिरहेका छैनन् ।" समय जतिसुकै छिटो कुदे पनि वा उमेर जति नै ढल्के पनि, कसैको न्यानो साथ पाउने उनको चाहना र भोक भने अझै उस्तै छ । उनले भने कुनै बेला उनी डेटिङ साइटमा उत्कृष्ट ३० को सूचीमा पर्थे । तर उनको घमण्ड र धेरै छान्ने बानीले उनलाई एक्लै बनायो । १० वर्ष अघि एउटी फ्रान्सेली महिलासँग उनको राम्रो सम्बन्ध थियो, तर ती महिलाको अचानक मृत्यु भयो । त्यसयता जिम पूर्ण रूपमा एक्लै छन् । अहिले एक्लोपन हटाउन र कसैको साथ पाउन उनले आफ्नो घमण्ड त्यागेर फेरि 'टिन्डर' एप डाउनलोड गरेका छन् । उनले डाक्टरसँग बुढ्यौलीमा हुने सम्बन्ध र शारीरिक चाहनाबारे खुलेर, तर अलिकति हिचकिचाउँदै कुरा गरे । उनले भने, "मलाई लाग्छ, आजकल ५० वर्ष नाघेका सबैजसो मानिसले भायग्रा जस्तो कुनै न कुनै औषधि लिन्छन् ।" उनले टिप्पणी गरे, "प्राकृतिक माया पाउन कृत्रिम औषधिको भर पर्नुपर्ने !" उनको यो कुरा सुन्दा मलाई लाग्यो, उनी वास्तवमा यस्तो विकल्प उपलब्ध भएकोमा खुसी थिए । उनी नियमित रूपमा जिमखाना जान्छन् । उनी त्यहाँ व्यायाम गर्न मात्र जान्छन् र त्यहाँको माहोलमा रमाउँछन् । तर त्यहाँ धेरैजसो निकै कम उमेरका युवायुवतीहरू मात्र आउँछन्, त्यसैले उनी वरपर हेरेर मात्र बस्छन् । कुराकानीको अन्त्यमा, जिमले जिमखानाको एउटा कुरा सम्झिएर हाँसे । जिमखानामा आफु के उपलब्धि गर्न चाहन्छु लेख्ने सेतो बोर्ड थियो । त्यहाँ 'जोय' नामकी एउटी महिलाले आफ्नो लक्ष्य 'आनन्द खोज्ने' भनेर लेखेकी थिइन् । एउटा बैंकरको रूपमा जीवन बिताएका जिमले हाँस्दै भने, "यस्तो कुरालाई कसरी नाप्न सकिन्छ र ?" जुन कुरा गन्न वा नाप्न सकिँदैन, त्यो बैंकरको लागि केही होइन । तर मेलबर्नको चिसो पानी बाहिर निस्कँदै गर्दा, जिमको भर्खरै निको भएको मुटुले त्यही नाप्न नसकिने 'शान्ति' र कसैको साँचो माया खोजिरहेको थियो । उमेरको बाध्यता र मनको चाहनाको बीचमा जिम उभिएका थिए । साँच्चै भन्नुपर्दा चाहना र आशाको बीचमा नै जीवन चलिरहँदो रहेछ । ***-साहित्यपोष्ट डटकम***

---

हास्यव्यङ्ग्य ● होम सुवेदी

# हरि ॐ सत्ता सह नौ भुनक्तु

'होइन केको प्रवचन हो ?' खबर कागत पढेर एक्लै भुत्भुताइरहेको जुंगे बालाई मैले सोधें । उनी जे कुरामा पनि एक्लै भुत्भुताउँछन् । अहिले पनि भुत्भुताइ रहेका छन् । 'हेर न नानी भारतको उत्तरप्रदेशकी एउटी मुख्यमन्त्रीले सत्तालाई छ छ महिनाका लागि बाँडीचुँडी गरी खाने योजना अघि सारिछिन् । कस्ती बाठी !' उनले मलाई भने र आफैं फेरि फत्फताउन थाले । फत्फाउन थालेको बेला कसैले उनलाई चलाइदिनु हुन्न उनको एकाग्रतालाई बिथोलिदिनुहुन्न । यही बुझेर म चुप लागेर बस्तै बरु सुन्नु नै पो पर्‍यो भन्ने लागेर उनको एकाग्रतालाई भङ्ग नगरी सुन्न थालें । उनी बोल्दै गए धारावाहिक रूपमा एक्लै । म सुन्दै गएँ । -'आजभोलिको विश्वमा राजनीतिको जाँड भक्भकी पाकिरहेको छ । यो जाँड खान पल्केका जँड्याहाहरूको लडाइँ छ । व्यक्तिव्यक्तिको जुधाइ छ । सत्तामा पुगेर सत्ताको खिचडी पाउने लोभमा ठुलाठुला वितण्डा चलेका छन् । जनताहरू तिनका नेताहरूका लागि चुनाबको रूपमा जाँड पारिदिन्छन् । हामी जाँड पकाइदिन्छौं । जनताहरू खिचडी पकाइदिन्छन् पस्किदिन्छन्, नेताहरू राजनीति रूपी जाँड त्यो खिचडीका साथमा सत्तामा बसेर लपालपी लतारिरहेका छन् । तर जनतालाई सेकुवाका रूपमा सेकिरहेका छन् । यिनले गर्ने राजनीतिलाई भाङ्लो भन्दा पनि भयो । त्यस भाङ्लोले मानौं दुनियाँलाई भेडो तुल्याएको छ । त्यो भाङ्लो भिर्नेहरूले दुनियाँलाई आतङ्कित पारेर अर्कैतिर भुल्याएको छ । यस्तो राजनीतिक जँड्याहाहरूको आतङ्कको बेलामा कतैबाट जिउ जोगाउने प्रयत्न भएको देखियो भने त्यसलाई स्वाभाविकै मान्नुपर्छ । विश्वभरि राजनीतिक जाँडले मातेका साँढेहरूको हाहाकार भएको यो बेला ती जँड्याहाहरूलाई कतैबाट कसैले सत्मार्ग देखाउन आँट गर्छ भने त्यसलाई स्वीकार्नु पनि पर्छ । विश्वभरिका जनतालाई जँड्याहाहरूका हाहाकारका यस आतङ्कले आजित पारेको अवस्थामा आजित भएका दुनियाँलाई विश्वका कुनै कुनाबट आशाको दीयो बल्यो भने त्यसतिर जँड्याहाहरूबाट पीडित आशावादीहरूको ध्यान स्वभावत: जान्छ नै । अनि मेरो ध्यान किन नजाओस् त !' अब बूढाको गनथनको कुरा छाडेर म आफैं पनि पो तर्कप्रतितर्क गर्न लागें । विशेष गरी हाम्रो देशमा र यसका छेउछाउमा सत्ताको जाँड खाएकाहरूले केही वर्ष यता ठुलो वितण्डा नै गरिरहेका छन् । हाम्रै देशमा र हाम्रा देशका पूर्वपश्चिम उत्तरदक्षिण दिशातिरका मुलुकमा सत्ता छिनाछिनका होडबाजी उप्‌ोसँग फस्टाएको छ । अन्यत्रकै विश्वमा पनि यस व्याधिले ठूलो भूकम्प ल्याएको छ । मानौं सत्ताको दाबेदार भनेका ती मुन्द्रे वा कुन्डलेहरू हुन् जो एक चुट्की चरेसका लागि ड्वारड्वार र ड्ुरड्ुर गर्दछन् । अरुले गरेको देखेर भए पनि नेपालमा पनि त्यो परम्पराको चलन चलेको छ । सौहार्द्रता हुनु हो भने सत्ता आतङ्कको एउटा विकराल परम्परा टल्न सक्ने कुराको आशा पलाएको छ । सहनौ भुनक्तु को पुरानो सिद्धान्त फेरि पनि फलेको छ । पारि भारतमा चलेको यो परम्परा आयातित हुने मनशाय देखिएको हुँदा यहाँ पनि त्यै परम्पराको आशाको बत्ती बलेको छ । कुरा के भने देशमा छ छ महिना गरेर सत्ता बाँडचुँड गर्ने र पालैपालो त्यसलाई खाने भन्ने सत्तासाझेदारीको अवधारणाको हल्ला चलेको छ । नेपालमा अरुतिरबाट सडलपडल भएका र अरुले जुठेल्नामा ृयालेका कुराहरू नै बेसी प्रयोगमा ल्याइन्छन् । नयाँ शिक्षा त्यस्तै थियो, अझ यताको नयाँ भन्दा पनि नयाँ शिक्षा पनि त्यस्तै छ । तर सत्ताको अंशबन्डा गर्ने योजनाको प्रस्ताव भने उति टाढाबाट ल्याइएको होइन । भारतको उत्तर प्रदेशबाट ल्याइएको हो । उत्तर प्रदेशबाट थालिएको तर त्यहाँ उतिखेरै अफाप भइसकेको सत्तालाई छ छ महिनाको पालो बाँधेर खानु भन्ने सिद्धान्त माथि आधारित छ । यो कुरा व्यवहारमा उतार्ने हो भने सत्ताको जाँड खान राल काडेर बसेकाहरूलाई हानथाप गर्नबाट बचाउनेछ भन्ने आशा हुन सक्छ । उता भारतमा यो कुरा लागु भएर सडिसक्यो तर यता भने भर्खर मात्र लागु हुँदैछ । जे कुरा पनि हामीकहाँ उताबाट आउने न हो, त्यसलाई यता आइपुग्न केही समय लागिहाल्छ । उताबाट आउनेमध्येको मनसुनकै कुरा गरौं न । भारतमा सक्रिय भएर सकिन सकिन लाग्दा बल्ल यता आउँछ । यो सत्तासाझेदारी धारणा पनि उता अजमाइओरि सडेर गल्यो र सकियो तर यता भने बल्ल मात्र आउँदैछ । सत्ता सह नौ भुनक्तु को सिद्धान्त लागु गर्न हतार भइहालेको छैन, जेमा पनि हामी अलिक ढिलै न छौं । सत्ता बाँडीचुँडी खाने गरेको देखेर धेरैले धेरै अनुमान लगाउलान् । यो वृत्तिलाई देखेर कृषकहरूले आफ्नो बेंसीमा पालो बाँधेर पानी लाएको सम्झेलान्, अथवा असारको पैंचो भदौमा तिरेको सम्झन सक्छन् । सत्ताका अंसियारहरूले नेपाली लोककथाको दाजुभाइमध्येमा एउटै सिरकको अंशबन्डा लगाउँदा भाइचाहिंलाई राति र दाजुको भागमा त्यही सिरक दिउसोका लागि भागबन्डा गरेझैं बन्डा नहोस् नत्र उही दुर्दशा लाग्न सक्छ । एउटाले सत्ताको जाँड घुटुघुटु खाने अर्कोले तोकिएको समयभरि पर्खिएर पनि पाएन भने फेरि सत्ता आतङ्क चल्न सक्छ । यसो होला कि भनेर सतर्क भई समयमै होस पुर्‍याउनु पर्छ । सत्ताका लागि पुच्छर निमोठ्ने र टुप्पी उखेल्ने कर्म हामीकहाँ पनि उप्‌ोसँग चलेको छ । अंशबन्डा नहुँदाको गतिविधि सबैलाई थाहै छ । सत्ताका जँड्याहाहरूले मान्छेको क्रयविक्रय र अपहरण जस्तो कर्म पनि यहाँ उत्तिकै गरेका छन् । यो कर्म पनि यहाँ निकै राम्रो गरी फलेको थियो । यो पनि उतैबाट आयातित हो । यिनले गरिआएको अपहरण, बेचबिखन, मोलतोल आदिका कामहरूको मूल आशय सम्पत्ति र सत्ताप्राप्ति नै हो । यो वितण्डालाई कति दिनसम्म चालू राख्ने ? कति अर्को पार्टीको सांसदलाई खरिद मात्र गर्ने ? कति अर्कोको जरा मात्र उखेल्ने ? बरु मित्रहरूकोमा चलेको त्यही सत्ता अंशबन्डा गरेर खाने प्रथालाई आयात गरेर देशमा किन लागु नगर्ने ? कतिले भन्लान्– हाम्रो इज्जत छैन ? अर्काको मुलुकमा चलेको, अर्काको जुठो पनि के ल्याउनु ? सत्ता बाँडीचुडी गरी खाने प्रथा पुरानो भयो । छाडौं यी सबै कुरा । कसैले जसको शक्ति उसैको सत्ता भन्ने सिद्धान्त नै ठिक हो भनेर उही सांसद खरदिविक्रीलाई यथावत् राखेर सत्ताको जाँड खाइरहनुपर्छ भन्ने सल्लाहा पनि देलान् । वास्तवमा तर्क गर्नु एक कुरा र व्यवहार गर्नु अर्कै कुरा हो । हामीले अर्कोकोमा चलेर सडिसकेको के कुरा चलाएका छैनौं र ! सिनेमा ल्यायौं, होली ल्यायौं, दहेज ल्यायौं, छठ ल्यायौं, इद बकरी इद ल्यायौं, गाणतन्त्र ल्यायौं, बडा दिन पनि ल्याइसक्यौं । यस्ता सांस्कृतिक कुराबाहेक पकेटमारी परम्परा र बुहारी जिउँदै डढाउने संस्कार पनि ल्याइसक्यौं । अनि सत्ता सह नौ भुनक्तुलाई किन नल्याउने ? देशैलाई उतै गाभ्नुपर्ने सोच राख्नु भन्दा उनीहरूको सत्ताभोजन परम्परालाई ल्याउनु नै राम्रो हो । जसको शक्ति उसको सत्ता सिद्धान्तले दुनियाँमा ठूलो ठूलो समरको डढेलो लागेको छ । यस सिद्धान्तले भस्मासुरे वृत्ति मात्र जागेको छ । त्यसैले अब उक्त भस्मासुरे स्वभाव छाडेर हमीले लाज घिन सरम नगरी भारतको राजनीतिलाई सत्ता बाँडचुँडको सिस्टमलाई ल्याइहाल्नु पर्छ । खाऊन् बाँडिचूडी गरी । जँड्याहाले मौकामा खान पाएन भने अरुको ता हानी गर्छ गर्छ आनै टाउको पनि फोर्न सक्छ । भारतको राजनीतिमा अनेकौं कुराहरू उब्जन्छन् । उत्तरप्रदेशमा हामीको जति धेरै पार्टीहरू नभएकाले सत्तालाई पालो पिलो गर्दै छ छ महिनाको दरले खाने गरुँ भन्ने सत्ता बाँडचुँडको सूत्र जन्मेको हुनुपर्छ । तर हाम्रोमा ता ३६५ जति पार्टीहरू भएकाले छ छ महिनासम्म कुनै पार्टीलाई खान पुग्दैन । समयको ख्याल गर्नैपर्छ । नेपालमा बहुदल र गाणतन्त्र आएपछि शान्ति हराएर गयो तापनि हामी अझै पनि शान्तिप्रिय मानिन्छौं । पुर्खाले भुत्ते खुकुरी हल्लाएर तर्छाएका थिए, त्यसैले अहिले पनि बहादुर नै छौं । यसैले अब सत्ता बाँडचुँडकर्मलाई पनि उदाहरणका रूपमा विश्वभरि देखिने गरी फैलाउनै पर्छ । अंसवन्डाको प्रथा हामीकोमा पुरानो समयदेखि चलेकै हो ।एउटा छाता र एउटा सिरक समेत दुइ भाइलाई अंसबन्डा गरिदिने जातका मान्छे न हौं । अनि सत्ता बाँड्न केको भुत्रो हेरिरहनुपर्छ ? हाम्रो मुलुकमा १५० भन्दा बढी पार्टीहरू अहिले पुगेका छन् । ६०१ जना भन्दा बढी प्रतिनिधि छन् । सबैले राल काढेका छन् । यसैले सबैलाई हुने खालको वार्षिक क्यालेन्डर बनाएर सत्ताको बाँडचुँडको तालिका तयार गरिनुपर्छ । हानाहान नगरुन् । मारामार नगरुन् । अर्को पार्टीका सांसदलाई तानातान नगरुन्, बेचबिखन र क्रयविक्रय नगरुन् । सत्ता बाँडिदिनु पर्छ । खाउन् राल काढेकाहरूले । बरु सबैलाई सत्ताको अंसबन्डा कति समयका लागि गर्न सकिन्छ अंसबन्डा गर्दैखेरि विचार पुर्‍याउनुपर्छ । एक सय पचास जति पार्टीका लागि ३६५ दिनको एक वर्षलाई बाँड्दा एउटाको भागमा लगभग ३ दिन जति पर्न जान्छ । समय बित्ला भनेर अघिदेखि नै अर्को पार्टीको प्रधानमन्त्रीको पात्र उसको हाँडाचिन्डासहित तयार भइरहनुपर्छ । तयार भएर पर्खेका ती नयाँहरूलाई स्वागत गर्ने कामका लागि अघिल्लैले लगाएका फूलमाला, अबिर, खादाहरू ओइलाएका हुन्नन् क्यारे । तिनै बन्दोबस्तीका साधनहरूलाई नयाँ आउने प्रधानमन्त्री र उसका हाँडाचिन्डाहरूका लागि पनि प्रयोग गर्दा भइहाल्छ । आखिर मितव्ययिता पनि ता केही चिज हो । त्यो सपथ खाने झमेलो कसले गरिरहोस् ! सत्ता खाइहाल्नु पर्छ । आज नभएको पार्टी फुटेर भोलि नयाँ बन्न सक्छ । नफुटीकन कुनै नयाँ पार्टी पनि बन्न सक्छ । यस्तालाई कसरी मिलाउने हो बाधा अड्काउ फुकाउबाट समाधान गर्नुपर्छ । अनि सत्ता खानेहरूले विदेश भ्रमण गर्नुलाई नैसर्गिक अधिकारको रूपमा मानेका हुन्छन् । यी तीन दिनेहरूलाई विदेश भ्रमणको कुरा चाहिं कसरी मिलाउने हो त्यसका बारेमा भने अलिक बुद्धि फुरेको छैन । फेरि कुरा गर्दै गरौंला । अहिलेलाई ता 'हरि:ॐ सत्ता सह नौ भुनक्नु.........!'

***-समकालिन साहित्य डटकम***

# ट्रकको ठक्करबाट एक युवकको मृत्यु




**गुल्मी,** भदौं १०/ गुल्मीमा ट्रकको ठक्करबाट एक युवकको मृत्यु भएको छ । जिल्लाको तम्घासमा ट्रकको ठक्करबाट गम्भीर घाइते भएका रेसुंगा नगरपालिका-७, भुजेलखर्कका २५ वर्षीय पवन विश्वकर्माको मृत्यु भएको हो ।

तम्घासस्थित अर्घाखाँची जीपपार्क जाने सडक नजिक पार्किङ गरेर राखिएको लु १ ख ८९०७ नम्बरको ट्रक स्टार्ट गरी अघि बढाउने क्रममा विश्वकर्मा ट्रकको च्यापमा परेका थिए । ट्रकले च्यापेपछि उनको टाउकोलगायत शरीरका विभिन्न भागमा चोट लागेको थियो । जिल्ला प्रहरी कार्यालय गुल्मीका सूचना अधिकारी प्रहरी नायब उपरीक्षक वीरेन्द्रवीर विश्वकर्माका अनुसार दुर्घटनामा परी गम्भीर घाइते भएका पवनलाई तत्काल उद्धार गरी उपचारका लागि गुल्मी अस्पताल तम्घास लगिएको थियो । त्यहाँ प्रारम्भिक उपचारपछि उनको अवस्था थप गम्भीर रहेकाले थप उपचारका लागि बुटवल रेफर गरिएको थियो । त्यसपछि उनलाई उपचारका लागि बुटवलस्थित चौराह हस्पिटल लगिएको थियो । अस्पतालमा चिकित्सकले सामान्य स्वास्थ्य जाँच गर्ने क्रममा नै उनलाई मृत घोषणा गरेका थिए । दुर्घटनाका कारण टाउकोमा गम्भीर चोट लागेकाले उनको अवस्था घटनास्थलदेखि नै चिन्ताजनक रहेको बताइएको छ । उपचारका क्रममा मृत्यु भएका विश्वकर्माको शव पोष्टमार्टमका लागि बुटवलस्थित लुम्बिनी प्रादेशिक अस्पतालमा लगिएको थियो । पोष्टमार्टमपछि शव आफन्तको जिम्मा लगाइएको छ । घटनाबारे जिल्ला प्रहरी कार्यालय गुल्मीले आवश्यक अनुसन्धान अघि बढाएको जनाएको छ । दुर्घटना कसरी भयो, ट्रक सञ्चालनका क्रममा चालक तथा अन्य व्यक्तिको भूमिका के थियो भन्ने विषयमा प्रहरीले थप अनुसन्धान गरिरहेको जनाएको छ । दुर्घटनापछि ट्रक प्रहरीको नियन्त्रणमा रहेको छ भने घटनासम्बन्धी थप विवरण अनुसन्धानपछि खुल्ने प्रहरीले जनाएको छ ।

# घरेलु मदिरा नष्ट...

...बरामद गरिएको घरेलु मदिरा तथा कच्चा पदार्थलाई स्थानीय जनप्रतिनिधि, भद्रभलाद्मी तथा बुद्धिजीवीहरूको रोहवरमा आवश्यक प्रक्रिया पूरा गरी नष्ट गरिएको प्रहरीले जनाएको छ । घरेलु रूपमा उत्पादन तथा बिक्री-वितरण हुने अवैध मदिराका कारण समाजमा विभिन्न किसिमका सामाजिक तथा आपराधिक समस्या निम्तिन सक्ने भन्दै प्रहरीले यस्ता गतिविधिविरुद्ध निगरानी र चेकजाँचलाई निरन्तरता दिँदै आएको छ । विशेषगरी ग्रामीण तथा बजार क्षेत्र आसपासमा अवैध रूपमा घरेलु मदिरा उत्पादन तथा कारोबार हुने गरेको पाइएपछि प्रहरीले त्यस्ता गतिविधिमाथि निगरानी बढाएको जनाएको छ । प्रहरीले कानुनविपरीत हुने घरेलु मदिराको उत्पादन, बिक्री-वितरण तथा ओसारपसार नगर्न सर्वसाधारणलाई आग्रह गर्दै आएको छ । यस्ता गतिविधि भइरहेको जानकारी पाएमा सम्बन्धित प्रहरी कार्यालयमा सूचना दिन समेत प्रहरीले अनुरोध गरेको छ । फेदीखोला क्षेत्रमा भएको पछिल्लो कारबाहीलाई प्रहरीले अवैध घरेलु मदिरा नियन्त्रण गर्ने अभियानकै निरन्तरताका रूपमा लिएको छ ।

# अवैध लागूऔषध सहित...

...यसैगरी काठमाडौंकै त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको आगमन पार्किङ एरियाबाट अवैध लागूऔषध गाँजा जस्तो देखिने पदार्थ करिब ३ किलोग्राम सहित २ जनालाई प्रहरीले पक्राउ गरेको छ । पक्राउ पर्नेहरूमा भारत पञ्जाव घर भएका ३९ वर्षीय विक्रान्त वर्ता र प्युठान घर भएका २७ वर्षीय बम बहादुर घर्ती मगर रहेका छन् । लागूऔषध नियन्त्रण ब्यूरो कोटेश्वरबाट खटिएको प्रहरीले सिंगापुर एयरबाट काठमाडौं आगमन भएका उनीहरूलाई उक्त पदार्थ सहित पक्राउ गरेको हो । यसैगरी काठमाडौं महानगरपालिका-३१ कात्यानीचोकबाट अवैध लागूऔषध खैरो हेरोइन जस्तो देखिने पदार्थ ६ सय २० मिलिग्राम र नगद १० हजार रूपैयाँ सहित २ जनालाई प्रहरीले पक्राउ गरेको छ । पक्राउ पर्नेहरूमा सोही ठाउँ डेरा गरी बस्ने भोजपुर घर भएका २२ वर्षीय राजेन्द्र विष्ट र ललितपुर महालक्ष्मी नगरपालिका-६ घर भएका २२ वर्षीय दिपेश महर्जन रहेका छन् । प्रहरी वृत्त नयाँबानेश्वरबाट खटिएको प्रहरीले राजेन्द्रको कोठा तलासी गर्दा उक्त पदार्थ फेला पारी उनीहरूलाई पक्राउ गरेको हो । यस्तै सुर्खेतको वीरेन्द्रनगर नगरपालिका-११ सल्लाघारी बस्ने ३४ वर्षीय अर्जुन विकलाई अवैध लागूऔषध ब्राउनसुगर जस्तो देखिने पदार्थ ५ सय मिलिग्राम सहित प्रहरीले पक्राउ गरेको छ । लागूऔषध नियन्त्रण ब्यूरो शाखा कार्यालय वीरेन्द्रनगर समेतबाट खटिएको प्रहरीले उनको घर तलासी गर्दा उक्त पदार्थ फेला पारी पक्राउ गरेको हो । उता पर्साको वीरगंज महानगरपालिका-१५ बाट अवैध लागूऔषध ब्राउनसुगर जस्तो देखिने पदार्थ ८१ ग्राम ३७ मिलिग्राम सहित जगरनाथपुर गाउँपालिका-६ बहुअरी प्रसौनी बस्ने ३९ वर्षीय अजय प्रसाद यादवलाई प्रहरीले पक्राउ गरेको छ । जिल्ला प्रहरी कार्यालय पर्सा समेतबाट खटिएको प्रहरीले उनलाई उक्त पदार्थ सहित पक्राउ गरेको हो । साथै प्रहरीले उनले प्रयोग गरेको रुबा.१८ च ९००३ नम्बरको कार समेत बरामद गरेको छ । यस्तै सुनसरीको इटहरी उपमहानगरपालिका-११ भुसकलुवाबाट नियन्त्रित लागूऔषध ट्रामाडोल १ हजार ६ सय ८० ट्याब्लेट र डाइक्लोमाइन १ हजार ५ सय ७० ट्याब्लेट सहित सोही ठाउँ बस्ने १८ वर्षीय किशोरलाई प्रहरीले पक्राउ गरेको छ । कोशी प्रदेश प्रहरी कार्यालय विराटनगर समेतबाट खटिएको प्रहरीले उनलाई उक्त लागूऔषध सहित पक्राउ गरेको हो । यसैगरी सुनसरीको इटहरी उपमहानगरपालिका-१३ बाट अवैध लागूऔषध गाँजा १० किलो ३० ग्राम सहित २ जनालाई प्रहरीले पक्राउ गरेको छ । पक्राउ पर्नेहरूमा सुन्दरहरैंचा नगरपालिका-१२ बस्ने ५० वर्षीय विजय चौधरी र धरान उपमहानगरपालिका-२० बस्ने २१ वर्षीया अञ्जली राई रहेका छन् । प्रहरी चौकी खनारबाट खटिएको प्रहरीले को.२ ह ४९७२ नम्बरको अटो तलासी गर्दा उक्त पदार्थ फेला पारी चालक बिजय र अटोमा सवार अञ्जलीलाई पक्राउ गरेको हो । यसैगरी सुनसरी, धरान उपमहानगरपालिका-१५ त्रिवेणी चोकबाट नियन्त्रित लागूऔषध ट्रामाडोल १ सय ५० ट्याब्लेट सहित सोही उपमहानगरपालिका-५ देउराली बस्ने २२ वर्षीय सूर्य लावतीलाई गए राति प्रहरीले पक्राउ गरेको छ । अस्थायी प्रहरी चौकी नयाँ बसपार्कबाट खटिएको प्रहरीले उनलाई उक्त लागूऔषध सहित पक्राउ गरेको हो । यसैगरी सुनसरी, इटहरी उपमहानगरपालिका-१० डुमटकाबाट नियन्त्रित लागूऔषध ट्रामाडोल ८० ट्याब्लेट र डाइक्लोमाइन ४० ट्याब्लेट सहित सोही ठाउँ बस्ने २४ वर्षीय आशिष सरदालाई प्रहरीले पक्राउ गरेको छ । कोशी प्रदेश प्रहरी कार्यालय विराटनगर समेतबाट खटिएको प्रहरीले उनलाई उक्त लागूऔषध सहित पक्राउ गरेको हो । कञ्चनपुर, कृष्णपुर नगरपालिका-५ बाट अवैध लागूऔषध खैरो हेरोइन जस्तो देखिने पदार्थ ७ ग्राम ३ सय ९० मिलिग्राम सहित सोही नगरपालिका-६ बसन्तपुर टोल बस्ने २७ वर्षीय मोहन देव जोशीलाई मंगलबार दिउँसो प्रहरीले पक्राउ गरेको छ । इलाका प्रहरी कार्यालय गुलरियाबाट खटिएको प्रहरीले उनलाई उक्त पदार्थ सहित पक्राउ गरेको हो ।

## खेलकुद समाचार

# काठमाण्डु गोर्खाजमा श्रीलंका अलराउन्डर सहन



**काठमाडौं,** भदौ १०/श्रीलंकाका अलराउन्डर सहन अराचचिगेले काठमाण्डु गोर्खाजबाट नेपाल प्रिमियर लिग (एनपीएल) क्रिकेट खेल्ने भएका छन् । एनपिएलको फ्रेन्चाइज टोली गोर्खाजले बुधबार आफ्नो समाजिक सञ्जालबाट सहनलाई अनुबन्धन गरेको जनाएको छ । ३० वर्षे सहनले श्रीलंकाबाट ५ एकदिवसीय अन्तर्राष्ट्रिय र एक टी-२० अन्तर्राष्ट्रिय खेलिसकेका छन् । उनले २०२३ को जुलाईमा वेस्ट इन्डिजविरुद्ध हरारेमा भएको विश्वकप छनोटबाट एकदिवसीय अन्तर्राष्ट्रियमा 'डेब्यु' गरेका थिए । सहनले श्रीलंका 'ए' को पनि कप्तानी गर्दै आएका छन् । लंका प्रिमियर लिगमा हालै गल गालान्ट्सलाई उपाधि दिलाउन प्रमुख भूमिका खेलेका थिए । गल गालान्ट्सले पहिलो पटक लंक प्रिमियर लिग जित्दा सहनले सबै ११ खेल खेल्दै १४७ माथिको स्ट्राइक रेटमा २४० रन बनाएका थिए । सहनसँग विगतमा नेपालमा फ्रेन्चाइज क्रिकेट खेलेको अनुभव पनि छ । उनले २०२१ मा एभरेष्ट प्रिमियर लिगमा पोखरा राइनोजबाट खेलेका थिए । देब्रेहाते उनी माथिल्लोक्रममा ब्याटिङ गर्छन् भने अफ स्पिन बलिङ पनि गर्छन । विजय भाव बोकेका सहन एक जोशिला खेलाडी हुन्, उनी निरन्तर एक रुपको प्रदर्शन दिन सक्छन् र दबाबमा पनि योजना अनुसार खेल्दै लंका प्रिमियर लिग र श्रीलंका 'ए' बाट म्याचहरु जिताएका छन्,' काठमान्डु गोर्खाजका क्रिकेट डाइरेक्टर शरद भेषावकरले टोलीको विज्ञप्तीमा भनेका छन्, 'उनको स्वभाव र स्पष्ट मानसिक्ताले हाम्रो ब्याटिङ लाइनअपलाई मद्धत गर्नेमा म विश्वस्त छु ।'


वर्गिकृत डिस्प्ले

१ X ५ साइजमा मात्र

वर्गिकृत डिस्प्लेमा विज्ञापन दिनुहोस् व्यवसाय बढाउनुहोस् ।

सम्पर्कः ०७५-५२०६०१


# रसुवामा बाढीको...

...सम्भावित जोखिमलाई मध्यनजर गर्दै तटीय तथा जोखिमयुक्त बस्तीका नागरिक्लाई सुरक्षित स्थानमा स्थानान्तरण गर्नुपर्ने अवस्था आए तत्काल त्यसका लागि तयारी अवस्थामा रहनसमेत निर्देशन दिएका छन् ।

**हिमपहिरो वा हिमताल विस्फोटल बाढी आएको आकलन**

ल्हेन्दे खोलामा हिमपहिरो खसेर खोला थुनिँदा भोटेकोशीमा बाढी आएको प्रारम्भिक आकलन गरिएको विज्ञहरुले बताएका छन् । नेपाल र तिब्बत क्षेत्रमा रहेका हिमताल फुटेको सम्भावना पनि रहेकाले बाढीको यकिन कारण पत्ता लगाउन केही दिन लाग्ने बताइएको छ । यसअघि गत वर्ष असार २४ गते भोटेकोशीमा आकस्मिक बाढी आएको थियो । जल तथा मौसम विज्ञान विभागका अनुसार हिमताल विस्फोटबाटै रसुवास्थित नेपाल-चीन सीमामा रहेको ल्हेन्दे खोलामा बाढी आएको निष्कर्ष निकालेको थियो । विभागले 'सेन्टिनेल' उपग्रहबाट गरेको अध्ययनले हिमताल फुटेर बाढी सिर्जना भएको जनाएको थियो ।

## दुई नामथर, जन्ममिति फरक परेता पनि व्यक्ति एउटै भएको सूचना



सर्वसाधारणमा यो सूचना सूचित गरिन्छ की पाल्पा जिल्ला साविक चिर्तुङ्गधारा गा.वि.स.-५, हाल बगनासकाली गाउँपालिका-१ निवासी भारतिय भू.पू.सैनिक नं. 5041630 K का NK भुवन सिं थापा (ना.प्र.मा भुवान सिं दिसा) को श्रीमतिको नाम सिटरोल र पेन्सन पट्टामा दिल कुमारी र जन्म मिति सन् १९६१ जनवरी १४ (वि.स.२०१७/१०/०१) र नेपाली नागरिकता प्रमाणपत्रमा दिलमति दिशा, जन्म मिति वि.स. २०१६/०८/१५ (सन् १९५९ नोभेम्वर ३०) उल्लेख भएको र निजको पतिको भारतीय पेन्सन अभिलेखमा फरक-फरक नामथर, जन्ममिति भएतापनि उपरोक्त व्यक्ति एउटै हो भनि प्रमाणहरुबाट देखिन आएकाले सोही व्यहोरा सर्वसाधारण सबैमा सूचित गरिन्छ ।

## दुई नामथर, जन्ममिति फरक परेता पनि व्यक्ति एउटै भएको सूचना



सर्वसाधारणमा यो सूचना सूचित गरिन्छ की पाल्पा जिल्ला साविक कसेनी गा.वि.स.-६, हाल माथागढी गाउँपालिका-३ निवासी भारतिय भू.पू.सैनिक नं. 5342476 F का NK रमन सिंह मगर (ना.प्र.मा रोमन सिं राना मगर भन्ने रमन सिंह मगर) को श्रीमतिको नाम सिटरोल र पेन्सन पट्टामा लिला देवी र जन्म मिति सन् १९६० नोभेम्वर १९ (वि.स.२०१७/०८/०४) र नेपाली नागरिकता प्रमाणपत्रमा ललि राना मगर भन्ने लिला देवी मगर, जन्म मिति वि.स. २०२१/०७/०५ (सन् १९६४ अक्टुवर २१) उल्लेख भएको र निजको पतिको भारतीय पेन्सन अभिलेखमा फरक-फरक नामथर, जन्ममिति भएतापनि उपरोक्त व्यक्ति एउटै हो भनि प्रमाणहरुबाट देखिन आएकाले सोही व्यहोरा सर्वसाधारण सबैमा सूचित गरिन्छ ।

## दुई नामथर, जन्ममिति फरक परेता पनि व्यक्ति एउटै भएको सूचना



सर्वसाधारणमा यो सूचना सूचित गरिन्छ की पाल्पा जिल्ला साविक चिदीपानी गा.वि.स.-२, हाल माथागढी गाउँपालिका-१ निवासी भारतिय भू.पू.सैनिक नं. JC 617623 X का Sub तेज बहादुर थापा (ना.प्र.मा तेज बहादुर दर्लामी थापा) को श्रीमतिको नाम सिटरोल र पेन्सन पट्टामा मन कुमारी थापा र जन्म मिति सन् १९६७ मार्च १३ (वि.स.२०२३/११/२९) र नेपाली नागरिकता प्रमाणपत्रमा मन कुमारी दर्लामी, जन्म मिति वि.स. २०२४/०६/१२ (सन् १९६७ सेप्टेम्वर २८) उल्लेख भएको र निजको पतिको भारतीय पेन्सन अभिलेखमा फरक-फरक नामथर, जन्ममिति भएतापनि उपरोक्त व्यक्ति एउटै हो भनि प्रमाणहरुबाट देखिन आएकाले सोही व्यहोरा सर्वसाधारण सबैमा सूचित गरिन्छ ।

## निक्षेप उपर हकदाबी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना

**सूचना प्रकाशित मिति : २०८३/०५/११**

मान बहादुर बुचाको नातिनी, छवि बहादुर बुचाको छोरी, पाल्पा जिल्ला, रिब्दीकोट गा.पा, वडा नं ५ बस्ने दुर्गा कुमारी बुचाको मिति २०८३-०३-१३ मा मृत्यु भएकोले निजको नाममा यस बैंकको पाल्पा शाखामा रहेको बचत खातामा रहेको मौज्दात रकम भुक्तानी पाऊँ भनी निज खातावालाको बुबा छवि बहादुर बुचाले यस बैंकको पाल्पा शाखा कार्यालयमा दावी गर्नुभएको हुँदा, उक्त निक्षेप उपर उल्लेखित दावीकर्ता बाहेक अन्य कसैको हकदावी भए यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतिस) दिनभित्र आफ्नो हक लाग्ने व्यहोरा प्रमाणित हुने सक्कलै सवुत प्रमाण कागजसहित यस बैंकको शाखा कार्यालय पाल्पा वा रजिष्टर्ड कार्यालय, टंगाल, काठमाडौंमा हकदावी गर्न आउनु होला । म्यादभित्र कसैको हकदावी नपरेमा वा रितपुर्वक हकदावी नपरेमा सोउपर कुनै कारवाही नहुने वा तोकिएको अवधिभित्र हकदावी सम्बन्धी विवाद सिर्जना भएमा प्रचलित कानुन बमोजिम हुने व्यहोरा समेत यसै सूचना मार्फत् जानकारी गराउँदछौं ।

कुमारी बैंक लिमिटेड
Kumari Bank Limited

**कुमारी बैंक लिमिटेड**
रजिष्टड कार्यालय, टंगाल, काठमाडौं


हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।





कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:कैलाशनगर-५,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्धक : इन्द्रा भट्टराई, सम्पादक: रामचन्द्र रायमाझी, प्रधान सम्पादक: जगदीशप्रसाद भट्टराई